जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८१०५३५५००
इमेल : *mgnd2070@gmail.com*

बर्ष: १३, अंक: १४५ पृष्ठ: ४ | २०८३ असोज १३ मंगलबार (Tuesday 29 Sept. 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

स्थानीय र हिन्दू सम्राट सेना आन्दोलनमा, पत्राउ परेकाहरूलाई तत्काल रिहा गर्न माग



सिरहा, १२ असोज। सिरहाको गोलबजार-चोहर्वामा भएको हिन्दू-मुस्लिम विवादसँग सम्बन्धित घटनामा पत्राउ परेकाहरूको रिहाइ माग गर्दै स्थानीयवासी तथा हिन्दू सम्राट सेनाको सहभागितामा आन्दोलन सुरु भएको छ। साउन १४ गते गोलबजार क्षेत्रमा भएको प्रदर्शन तथा झडपको पृष्ठभूमि सुनसरीको देवानगञ्जमा हिन्दू-मुस्लिम समुदायबीच उत्पन्न तनावसँग जोडिएको थियो। उक्त घटनाको असर मधेसका विभिन्न क्षेत्रमा फैलिँदै गोलबजारसम्म पुगेपछि अवस्था तनावग्रस्त बनेको थियो।

गोलबजारमा प्रदर्शनका क्रममा तोडफोड र आगजनीसमेत भएको थियो भने गोली लागेर १५ वर्षीय गणेश यादवको मृत्यु भएको थियो। घटनाका क्रममा चौहर्वा जामे मस्जिदसहित विभिन्न संरचनामा तोडफोड तथा आगजनी भएको थियो। प्रहरीको प्रारम्भिक मूल्यांकनअनुसार १८ वटा पसल तथा व्यावसायिक संरचना, १५ वटा निजी घर, २८ वटा सवारीसाधन तथा धार्मिक-शैक्षिक संरचनासहित ६४ वटा सम्पत्तिमा क्षति पुगेको थियो। कुल क्षति रु. ७४ करोड १३ लाख ९० हजार बराबर रहेको प्रहरीले जनाएको थियो।

घटनापछि प्रहरीले विभिन्न स्रोतबाट संकलन गरेका फोटो तथा

-बाँकी दुई पेजमा

डाँका, ज्यान मार्नेसहित चार मुद्दाका फरार प्रतिवादी पत्राउ

मणिलाल विश्वकर्मा

लहान, १२ असोज। सिराहाको पश्चिमी भेगमा पर्ने कल्याणपुर नगरपालिका-१२, बेलहामा १० दिनअघि हातहतियार देखाई धनमाल लुटपाट तथा गोली प्रहारको घटनामा संलग्न आरोपितमध्ये प्रहरीले एकजनालाई पत्राउ गरेको छ। पूर्वी धनुषाको विदेह नगरपालिका-५, झिझाटोल बस्ने करिब ४० वर्षीय बद्री भनिने अजय पासवानलाई आइतबार राति करिब सवा ७ बजे कमला नदीको बगरबाट पत्राउ गरिएको जिल्ला प्रहरी कार्यालय सिराहाले जनाएको छ।

सिराहा प्रहरीका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक रमेशबहादुर पालका अनुसार विशेष सूचनाका आधारमा खटिएको प्रहरी टोलीले पासवानलाई पत्राउ गरेको हो। उनलाई जिल्ला प्रहरी कार्यालय सिराहामा ल्याई डाँका, ज्यान मार्ने उद्योग, हातहतियार तथा खरखजाना र संगठित अपराधसम्बन्धी चारवटा मुद्दामा थप अनुसन्धान भइरहेको छ। घटनामा संलग्न फरार अन्य व्यक्तिको पनि खोजी भइरहेको प्रहरीले जनाएको छ।

२ मंसिर ०८२ को राति करिब १

-बाँकी दुई पेजमा

शौर्य सिमेन्टद्वारा सिरहाका ४०० भन्दा बढी विद्यार्थीलाई शैक्षिक सामग्री हस्तान्तरण



सिरहा, १२ असोज। शौर्य सिमेन्ट इन्डस्ट्रिज लिमिटेडले आफ्नो सामाजिक उत्तरदायित्व अन्तर्गत सिरहाको कर्जन्हा र मिर्चैया नगरपालिकाका विभिन्न विद्यालयमा अध्ययनरत ४०० भन्दा बढी विद्यार्थीलाई शैक्षिक सामग्री वितरण गरेको छ।

स्थानीय समुदायको शैक्षिक विकासमा सहयोग पुऱ्याउने तथा विद्यार्थीहरूको अध्ययनलाई सहज बनाउने उद्देश्यले सञ्चालन गरिएको यस कार्यक्रमबाट श्री आधारभूत विद्यालय, प्रयागपुरस श्री जनता आधारभूत विद्यालय, मरेवास श्री शारदा माध्यमिक विद्यालय, रामपुर बिरतास श्री जनजागृति आधारभूत विद्यालय, मनथै कुट्टीस श्री जनता आधारभूत विद्यालय, महादेवास श्री जनता आधारभूत विद्यालय, मतेर्वास श्री जनता आधारभूत विद्यालय, छघरेस जन चेतना आधारभूत विद्यालय, मलहनिया खोरीस र श्री बाबुजी राय जुनाई ठाकुर माध्यमिक विद्यालयका विद्यार्थीहरू लाभान्वित

-बाँकी अन्तिम पेजमा



GUPTA BROTHER'S AUTO TRADE
Mirchaiya, 033-550744 | 9801552812

मितव्ययी रूपमा चाडपर्व मनाऔं

- चाडपर्व मनाउदा आम्दानी अनुसारको योजना बनाएर मात्र खर्च गरौं,
- देखासिकी र प्रतिस्पर्धाका लागि ऋण लिएर अनावश्यक खर्च नगरौं,
- आवश्यकता अनुसार मात्र सरसामान खरिद गर्ने बानी बसालौं,
- खरिद गर्दा स्थानीय तथा स्वदेशी उत्पादनलाई प्राथमिकता दिऔं,
- खाना तथा अन्य सामग्री खेर नफालौं,
- मितव्ययिता अपनाई परिवारको आर्थिक स्थायित्व कायम गरौं,
- चाडपर्वलाई अनावश्यक भड्किलो र खर्चिलो नबनाऔं।

चाडपर्वको खुसी खर्चको प्रतिस्पर्धामा होइन,
आत्मीयता र सद्भावमा हुन्छ।

नेपाल सरकार
विज्ञापन बोर्ड

सम्पादकीय

बाढी आउनुअघि नै तयारी

लगातारको वर्षासँगै सिरहाका खोला तथा नदीमा पानीको बहाब बढेपछि तटीय क्षेत्रमा सशस्त्र प्रहरी परिचालन गरिएको छ। कमला र बलानलगायतका नदीको तटीय क्षेत्रमा विपत् व्यवस्थापन सामग्रीसहित सुरक्षा टोली परिचालन हुनु तत्कालीन जोखिम व्यवस्थापनका दृष्टिले आवश्यक कदम हो। बाढी र डुबानको जोखिम रहेका क्षेत्रमा समयमै सुरक्षाकर्मी परिचालन गरेर नागरिकलाई सचेत गराउनु विपत् आइसकेपछि उद्धार गर्नुभन्दा प्रभावकारी उपाय हो।

बंगालको खाडीमा बनेको न्यूनचापीय प्रणाली र पश्चिमी वायुको प्रभावले लगातार वर्षा भइरहेको अवस्थामा नदी तथा खोलाको जलस्तर अझ बढ्न सक्ने सम्भावना रहन्छ। सिरहाजस्तो तराईको जिल्लामा नदी तथा खोलाको पानी बस्तीमा पस्ने, खेतीबालीमा क्षति पुग्ने र सडक तथा पुलको आवागमन प्रभावित हुने जोखिम सधैँ रहन्छ। त्यसैले वर्षाको अवस्था र नदीको बहाबलाई सामान्य प्राकृतिक घटना मानेर बेवास्ता गर्नेभन्दा सम्भावित जोखिमको पूर्वानुमान गरी तयारीमा जुट्नु आवश्यक छ।

जिल्लाका छ स्थानमा करिब ८० जना सशस्त्र प्रहरी विपत् व्यवस्थापन सामग्रीसहित परिचालन गरिएको जानकारीले सुरक्षा निकायले जोखिमलाई गम्भीरतापूर्वक लिएको देखाउँछ। माइकिङमार्फत सर्वसाधारणलाई सचेत गराउने, अनावश्यक रूपमा घरबाहिर ननिस्कन आग्रह गर्ने र तटीय क्षेत्रमा उच्च सतर्कता अपनाउने कार्य सकारात्मक छन्। तर सुरक्षा निकायको परिचालनलाई केही दिनको आकस्मिक प्रतिक्रियामा मात्र सीमित राखिनु हुँदैन। जोखिमयुक्त बस्तीको पहिचान, उद्धार मार्गको निर्धारण, सुरक्षित स्थानको व्यवस्था र आवश्यक सामग्रीको पूर्वभण्डारण नियमित विपत् व्यवस्थापन योजनाको हिस्सा बन्नुपर्छ।

अहिलेसम्म मानवीय तथा ठूलो भौतिक क्षति नभएको अवस्था राहतको विषय हो। तर शुक्रबारको हावाहुरीका कारण नरहा, विष्णुपुर र गोलबजार क्षेत्रमा किसानले लगाएको उखु ढलेर क्षति हुनु मौसमजन्य जोखिमको अर्को पक्ष हो। बाढी नआए पनि लगातारको वर्षा, हावाहुरी र जलजमावले कृषि क्षेत्रमा ठूलो क्षति पुऱ्याउन सक्छ। त्यसैले विपत् व्यवस्थापनलाई नदीमा बाढी आउने अवस्थासम्म मात्र सीमित राख्नु हुँदैन। किसानको बाली, पशुधन, घर तथा अन्य निजी सम्पत्तिको सुरक्षालाई पनि योजनामा समेटिनुपर्छ।

यसमा स्थानीय सरकारको भूमिका अझ महत्वपूर्ण हुन्छ। कमला, बलान तथा अन्य खोलानदीको तटीय क्षेत्रमा रहेका बस्तीको जोखिम नक्साङ्कन गरी स्थानीय तहले विपत् पूर्वतयारी योजना अद्यावधिक गर्नुपर्छ। जोखिममा रहेका परिवारको विवरण, सुरक्षित आश्रयस्थल, उद्धारका लागि आवश्यक साधन, स्वयंसेवक तथा स्वास्थ्यकर्मीको सम्पर्क विवरण तयारी अवस्थामा राखिनुपर्छ। विपत् आएपछि को कहाँ जाने भन्ने अन्योलमा पर्नुपर्ने अवस्था आउन दिनु हुँदैन।

नागरिक तहमा पनि सावधानी उत्तिकै आवश्यक छ। नदी तथा खोलाको पानी बढिरहेका बेला जिज्ञासा वा मनोरञ्जनका लागि नदी किनारमा जाने, बाढीको बहाब भएको बाटोबाट मोटरसाइकल वा अन्य सवारीसाधन पार गराउने तथा रातिको समयमा अनावश्यक यात्रा गर्ने जोखिमपूर्ण व्यवहार हुन्। प्रशासनले अत्यावश्यक कामबाहेक रातिको समयमा यात्रा नगर्न गरेको आग्रहलाई नागरिकले गम्भीरतापूर्वक लिनुपर्छ। विशेषगरी बालबालिका, वृद्धवृद्धा र अशक्त व्यक्तिको सुरक्षामा परिवारले थप ध्यान दिनुपर्छ।

सञ्चारमाध्यम र स्थानीय सूचना प्रणाली पनि यस्तो अवस्थामा प्रभावकारी हुनुपर्छ। पानीको सतह बढेको सूचना, जोखिमयुक्त स्थान, सम्भावित डुबान क्षेत्र तथा सुरक्षित स्थानबारे आधिकारिक सूचना समयमै नागरिकसम्म पुग्न सके धेरै जोखिम घटाउन सकिन्छ। सामाजिक सञ्जालमा फैलिने अपुष्ट सूचना र अफवाहले विपत्का बेला थप समस्या सिर्जना गर्न सक्छ। त्यसैले स्थानीय प्रशासन, सुरक्षा निकाय र स्थानीय तहले नियमित र विश्वसनीय सूचना प्रवाह गर्नुपर्छ।

सिरहामा अहिले ठूलो क्षति नभएको अवस्थालाई विपत् टरेको संकेतका रूपमा बुझ्नु हुँदैन। वर्षा जारी रहँदा जोखिम पनि कायम रहन्छ। नदीमा पानीको बहाब बढ्दै गएको अवस्थामा केही घण्टामै परिस्थिति बदलिन सक्छ। त्यसैले क्षति भएपछि उद्धार र राहतको तयारी गर्नुभन्दा जोखिम बढ्नुअघि नै सम्भावित क्षेत्रमा स्रोतसाधन परिचालन गर्नु बुद्धिमानी हुन्छ। बाढी तथा डुबान प्राकृतिक घटना भए पनि त्यसबाट हुने क्षति पूर्ण रूपमा अपरिहार्य हुँदैन। पूर्वसूचना, सुरक्षित आवास, नदी तटीय क्षेत्रको व्यवस्थित बसोबास, प्रभावकारी उद्धार योजना र नागरिक सचेतनाले क्षति उल्लेख्य रूपमा घटाउन सक्छ। यसका लागि सुरक्षा निकाय, प्रशासन, स्थानीय तह र समुदायबीच निरन्तर समन्वय आवश्यक छ।

अहिले सिरहामा सशस्त्र प्रहरीको परिचालनलाई त्यसै दिशाको सुरुवात मान्न सकिन्छ। तर वास्तविक सफलता कति जना सुरक्षाकर्मी परिचालन भए भन्नेमा होइन, बाढी आउँदा नागरिक कति सुरक्षित रहन्छन् र सम्भावित क्षति कति घटाउन सकिन्छ भन्नेमा निर्भर हुन्छ। त्यसैले अहिलेको सतर्कतालाई वर्षायामको नियमित विपत् पूर्वतयारीमा रूपान्तरण गर्नुपर्छ। बाढीको प्रतीक्षा गरेर होइन, बाढी आउनुअघि नै तयारी गरेर मात्र जनधनको सुरक्षा सुनिश्चित गर्न सकिन्छ।

प्रधानमन्त्रीको सम्बोधनमा जलवायु उत्थानशीलता



राम कुमार भट्टराई

यही २४ सेप्टेम्बर २०२६ का दिन संयुक्त राष्ट्रसंघको ८१औँ महासभालाई सम्बोधन गर्दै प्रधानमन्त्री बालेन्द्र शाहले नेपालको हिमाली क्षेत्रले सामना गरिरहेको जलवायु तथा विपद् जोखिमलाई अन्तर्राष्ट्रिय समुदायसमक्ष प्रस्तुत गरे। उनले हालै भोटेकोसी–त्रिशूली क्षेत्रको विनाशकारी बाढीबाट जनधन, सडक, पुल, विद्यालय र जीविकोपार्जनमा परेको क्षति उल्लेख गर्दै हिमाली पारिस्थितिकी प्रणालीको बढ्दो जोखिमबारे विश्वको ध्यानाकर्षण गरे। सम्बोधनका क्रममा प्रधानमन्त्री शाहले वर्तमान र भविष्यको जलवायु न्यायको विषय उठाउँदै जलवायु वित्तलाई पर्याप्त, पहुँचयोग्य र अनुदानमा आधारित बनाउनुपर्नेमा जोड दिए। साथै, उनले कृषिमा जलवायु परिवर्तनको असर र नेपालीको शान्ति सुरक्षाका विषय पनि प्रस्तुत गरेका थिए।

जर्मन अमेरिकी दार्शनिक ह्यान्स जोनासको उत्तरदायित्वको सिद्धान्तलाई जलवायु उत्थानशीलताको दार्शनिक आधार मान्न सकिन्छ। जोनासका अनुसार आधुनिक विज्ञान र प्रविधिले मानवलाई प्रकृति र भविष्यमा दूरगामी प्रभाव पार्ने शक्ति दिएकाले वर्तमान पुस्ता आफ्ना कार्यको नतिजाप्रति जिम्मेवार हुनुपर्छ। भविष्यका पुस्ताको जीवन, प्रकृति र सुरक्षित वातावरणको संरक्षण गर्नु वर्तमानको नैतिक दायित्व हो। यस दृष्टिकोणबाट हेर्दा जलवायु परिवर्तन न्यूनीकरण, प्राकृतिक स्रोतको संरक्षण, जोखिममा रहेका समुदायको सुरक्षा र उत्थानशील विकास केवल प्राविधिक वा आर्थिक विषयमात्र नभएर अन्तरपुस्ता न्याय र नैतिक उत्तरदायित्वका विषय पनि हुन्। त्यसैले, आज गरिने विकास, उत्पादन, उपभोग र वातावरणसम्बन्धी निर्णयले भविष्यका पुस्तामाथि अनावश्यक जोखिम थोपर्नु हुँदैन।

जलवायु परिवर्तनको असर घटाउनमात्र होइन त्यसबाट प्रभावित भएर पनि समाज कसरी सुरक्षित, सक्षम र कार्यशील रहन सक्छ ? यसको उत्तरसँग जोडिएको अवधारणा नै 'जलवायु उत्थानशीलता' हो।

जलवायु उत्थानशीलता र नेपालको सन्दर्भ

जलवायु उत्थानशीलता भनेको जलवायु परिवर्तनजन्य जोखिमको पूर्वानुमान गर्ने, तयारी गर्ने, क्षति घटाउने, विपद्का बेला प्रभावकारी प्रतिक्रिया जनाउने र विपद्पछि अझ सुरक्षित एवम् सक्षमरूपमा पुनःस्थापित हुने क्षमता हो। यसले व्यक्ति, परिवार, समुदाय, पूर्वाधार र शासन प्रणालीको समग्र सामर्थ्यलाई जनाउँछ। यसलाई विपद्पछिको पुनर्निर्माणमा मात्र सीमित राख्नु हुँदैन। उत्थानशीलताको प्रक्रिया विपद् आउनुअघि नै सुरु हुन्छ।

जोखिम पहिचान रु पूर्वतयारी रु क्षति न्यूनीकरण रु प्रभावकारी प्रतिक्रिया रु सुरक्षित पुनःस्थापना

नेपालले विश्वव्यापी हरितगृह ग्यास उत्सर्जनमा न्यून योगदान गरे पनि यसको असर भने तीव्र रूपमा भोगिरहेको छ। प्रधानमन्त्री शाहको सम्बोधनमा हिमनदी, हिमताल, बाढी पहिरो, पूर्वसूचना प्रणाली, जलवायु वित्त र क्षेत्रीय सहकार्यबीचको अन्तरसम्बन्धलाई जोड दिइएको थियो। जलवायु परिवर्तन वातावरणीय समस्यामात्र नभई विकास, अर्थतन्त्र र सामाजिक न्यायको साझा विषय हो भन्ने तथ्यलाई यस सम्बोधनले उजागर गरेको छ।

सन् २०२६ को पछिल्लो बाढी पहिरोले यो चुनौतीलाई अझ प्रत्यक्ष बनाएको छ। संयुक्त राष्ट्रसंघको सेप्टेम्बर ४ को प्रतिवेदनअनुसार २६ अगस्ट २०२६ देखि सुरु भएको बाढी पहिरोपछि उत्तरी नेपालका ८४ हजारभन्दा बढी प्रभावित मानिसका लागि ४९ करोड ६० लाख अमेरिकी डलरको आपत्कालीन अपिल गरिएको थियो। यसले सहायता वितरणमामात्र नभएर जोखिम आउनुअघि नै लगानी र तयारी गर्नुपर्ने आवश्यकता देखाउँछ।

जलवायु उत्थानशीलताका १२ प्राथमिकता क्षेत्र

१. मानवीय क्षति तथा संकट न्यूनीकरण

जलवायु उत्थानशीलताको पहिलो उद्देश्य जीवनरक्षा हो। बाढी, पहिरो, डढेलो वा हिमताल विस्फोटजस्ता जोखिमबाट हुने क्षति घटाउन पूर्वसूचना, सुरक्षित स्थानान्तरण, उद्धार योजना र समुदायस्तरीय तयारी आवश्यक हुन्छ।

२. जीविकोपार्जनमा विविधीकरण

एउटै आयस्रोतमा निर्भर परिवार बढी जोखिममा पर्छन्। त्यसैले कृषि र प्राकृतिक स्रोतमाथिको निर्भरता घटाउन सीप विकास, वैकल्पिक आयआर्जन, साना उद्यम, हरित रोजगारी र सामाजिक संरक्षणलाई उत्थानशीलताको हिस्सा बनाउनुपर्छ।

३. स्वास्थ्य सुरक्षा र सशक्त प्रणाली

अत्यधिक गर्मी, दूषित पानी, वायु प्रदूषण, संक्रामक रोग र विपद्पछिको मानसिक तनावलाई स्वास्थ्य प्रणालीले सम्बोधन गर्नुपर्छ। स्वास्थ्य संस्थाहरू संकटका बेला पनि निरन्तर सेवा दिन सक्ने गरी 'जलवायु उत्थानशील' हुनुपर्छ।

४. सामुदायिक सहकार्य र स्थानीय ज्ञान

विपद्को पहिलो क्षणमा स्थानीय समुदाय नै पहिलो प्रतिकार्यकर्ता हुन्छन्। त्यसैले महिला, युवा, ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिको सहभागितासहित सामुदायिक तयारी, स्थानीय ज्ञान र आपसी सहयोगको प्रणाली सुदृढ बनाउनुपर्छ।

५. सामाजिक स्थायित्व र सुरक्षा

जलवायु परिवर्तनले गरिब, सुकुम्बासी र सामाजिक रूपमा पछाडि परेका वर्गलाई बढी असर पार्छ। त्यसैले लक्षित सामाजिक सुरक्षा, खाद्य सुरक्षा र सुरक्षित आवास उत्थानशीलताका अनिवार्य सर्त हुन्।

६. आपत्कालीन वित्त र नियमित लगानी

विपद्पछिको सहायतामा मात्र बजेट खर्चनुभन्दा जोखिम न्यूनीकरण, अनुकूलन, पूर्वसूचना र बीमामा नियमित लगानी गर्नुपर्छ। महासभामा प्रधानमन्त्रीले जलवायु वित्तलाई अनुदानमा आधारित र पहुँचयोग्य बनाउनुपर्ने विषय यही सन्दर्भमा उठाएको देखिन्छ।

७. सम्मुखता (Exposure) र संवेदनशीलता (Vulnerability) कमी

जोखिमयुक्त क्षेत्रमा मानिस वा संरचनाको उपस्थिति र त्यसबाट हुने क्षति बेहोर्ने क्षमताको कमी घटाउनुपर्छ। भूउपयोग योजना, सुरक्षित बस्ती विकास र नदी किनार व्यवस्थापनमार्फत यो सम्भव छ।

८. अत्यावश्यक सेवाको निरन्तरता

विपद्का बेला खानेपानी, विद्युत्, सञ्चार, सरसफाइ र खाद्य आपूर्ति ठप्प भएमा संकट अझ गहिरिन्छ। त्यसैले यी सेवाहरू निरन्तर सञ्चालन गर्ने र वैकल्पिक योजना तयार राख्ने व्यवस्था हुनुपर्छ।

९. भरपर्दो सञ्चार र यातायात

विपद्को समयमा सही सूचनाको द्रुत प्रवाहले जीवन रक्षा गर्छ। नदी किनारका जोखिमयुक्त सडकको विकल्प खोज्ने र आपत्कालीन अवस्थाका लागि वैकल्पिक यातायात मार्गको पूर्वतयारी तथा सूचना प्रवाह चुस्त राख्नुपर्छ।

१०. स्पष्ट नेतृत्व र संस्थागत जिम्मेवारी

सूचना दिने, उद्धार गर्ने, सहायता बाँड्ने र पुनर्निर्माण गर्ने निकायको भूमिका संकट आउनुअघि नै स्पष्ट हुनुपर्छ। अलमलमुक्त नेतृत्वले मात्र क्षति न्यूनीकरण गर्न सक्छ।

११. साझेदारहरूको सबलीकरण

जलवायु परिवर्तनको सामना एक्लो सरकारले गर्न सक्दैन। तीनै तहका सरकार, सुरक्षा निकाय, निजी क्षेत्र, नागरिक समाज, विश्वविद्यालय र अन्तर्राष्ट्रिय साझेदारहरूबीच बलियो सहकार्य आवश्यक छ।

१२. एकीकृत विकास योजना

जलवायु जोखिम न्यूनीकरणलाई छुट्टै आयोजना नबनाई विकासको मूलधारमा मिसाउनुपर्छ। सडक, भवन, कृषि वा खानेपानीका योजना बनाउँदा जलवायु परिवर्तन र भावी जोखिमलाई अनिवार्य आधार मानिनुपर्छ।

निष्कर्ष

जलवायु उत्थानशीलता कुनै अल्पकालीन आयोजनामात्र नभएर समाज, अर्थतन्त्र, पूर्वाधार र शासन प्रणालीले जोखिम सहँदै अघि बढ्ने समग्र सामर्थ्य हो। नेपालजस्तो न्यून उत्सर्जन तर उच्च जोखिममा रहेको देशका लागि यसको महत्व झन् बढी छ। पूर्वतयारी, जीविकोपार्जनमा विविधीकरण, सामाजिक सुरक्षा, पूर्वाधार सुधार र एकीकृत विकास योजनालाई एउटै प्रणालीका रूपमा अघि बढाउनु पर्छ। उत्थानशीलताको मूल सन्देश विपद् आएपछि उद्धार गर्नुमात्र नभएर विपद्मै पनि जीवन र जीविकोपार्जन सुरक्षित राख्नु हो। आज गरिने सोचविचारपूर्ण विकास निर्णयले नै भोलिको जोखिम घटाउँछ। बाह्रखरीबाट

स्थानीय र हिन्दू ...

भिडियोका आधारमा अनुसन्धान अघि बढाएको छ। पछिल्लो समय घटनामा संलग्न भएको आरोपमा केही व्यक्तिहरू पत्राउ परेपछि उनीहरूको रिहाइको माग उठेको हो। एक स्थानीय स्रोतमा घटनामा संलग्न ४६ जनामाथि कारबाहीका लागि सूची तयार भएको दाबीसमेत गरिएको छ। यद्यपि उक्त संख्या र पत्राउसम्बन्धी विवरणलाई आधिकारिक रूपमा स्वतन्त्र पुष्टि गर्न सकिएको छैन।

पत्राउ परेकाहरूलाई तत्काल रिहा गर्नुपर्ने मागसहित प्रदर्शनकारीहरू सडकमा उत्रिएका छन्। उनीहरूले घटनाको निष्पक्ष छानबिन हुनुपर्ने, निर्दोषलाई फसाउन नहुने तथा वास्तविक दोषीमाथि मात्र कानुनी कारबाही गर्नुपर्ने माग अघि सारेका छन्। यस घटनाको अनुसन्धानका लागि गृह मन्त्रालयले समेत छुट्टै छानबिन समिति गठन गरेको थियो। समितिले घटनास्थलको निरीक्षण, प्रमाण संकलन तथा स्थानीय र विभिन्न समुदायका प्रतिनिधिसँग छलफल गरेको विवरण सार्वजनिक भएको छ।

गोलबजारमा पुनः आन्दोलन सुरु भएपछि स्थानीय क्षेत्रमा सुरक्षा सतर्कता बढाइएको छ। विगतको घटनाबाट सिर्जित तनाव फेरि नबढोस् भन्दै प्रशासनले सबै पक्षलाई संयमता अपनाउन आग्रह गरेको छ।

डाँका, ज्यान ...

बजे बेलहा गाउँका मुकेशकुमार महतोको घरमा अजयसहित १२ जना हतियारधारी व्यक्तिको समूहले हातहतियार देखाएर नगद तथा जिन्सी गरी नौ लाख ७३ हजार ६५० रुपैयाँबराबरको धनमाल लुटपाट गरेको प्रहरीले जनाएको छ। लुटपाटपछि सो समूहले स्थानीय वीरेन्द्र महतो र अनिलकुमार महतोलाई गोली प्रहार गरी घाइते बनाएर फरार भएको प्रहरीले जनाएको छ।

नरहा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

नरहा, सिरहा

मधेश प्रदेश, नेपाल

प्रस्ताव पेश गर्ने सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मितिः २०८३/०६/१३ गते

१. यस नरहा गाउँपालिकाको गाउँसभाबाट पारित तालिम/कार्यक्रम तथा अन्य कार्यक्रमहरू कार्यान्वयन गर्नका लागि मौजुदा सूचीमा समावेश भएका उपभोक्ता समिति सम्बन्धित लक्षित वर्गका संस्था तथा अन्य संघ/संस्थाले प्रस्ताव पेश गर्नुपर्नेछ।

२. मौजुदा सूचीमा समावेश भएका उपभोक्ता समिति सम्बन्धित लक्षित वर्गका संस्था तथा अन्य संघ/संस्थाहरूले निवेदन पेश गरी तालिम/कार्यक्रमहरूको कार्यक्षेत्रशर्त र प्रस्तावको ढाँचा यस नरहा गाउँपालिकाको कार्यालयबाट प्राप्त गर्न सक्नेछन्।

३. प्रस्तावसँगै अनिवार्य रूपमा संलग्न गर्नुपर्ने कागजातहरू: कर चुक्ता प्रमाणपत्र (२०८१/८२, २०८२/८३ वा म्याद थप वा नियमानुसार) स्थायी लेखा नम्बर (PAN) वा मूल्य अभिवृद्धि कर (VAT) दर्ता प्रमाणपत्र, कम्पनी/संस्था दर्ता प्रमाणपत्र, अन्य आवश्यक कागजात

४. सूचनामा स्पष्ट रूपमा उल्लेख नभएका कुराहरू सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९९ बमोजिम हुनेछन्।

५. विनियोजन बजेट सम्बन्धित कार्यक्रम/तालिमको कार्यक्षेत्रशर्त बमोजिम हुनेछन्।

६. भुक्तानीका शर्त र कर कट्टी नियमानुसार बमोजिम हुनेछन्।

७. यदि तोकिएको अन्तिम मितिमा प्रस्ताव दर्ता गर्ने वा प्रस्ताव खोल्ने दिन सार्वजनिक विदा परेको अवस्थामा सो कार्य भोलिपल्टको कार्यालय समयभित्र सम्पन्न गरिनेछ।

८. पेश भएका प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा रहनेछ।

तपसिल

सि. नं.	कार्यक्रमको नाम	कार्यक्रम संचालन हुने स्थान	कार्य क्षेत्र शर्त र प्रस्तावको ढाँचा प्राप्त गर्ने अन्तिम मिति र समय	प्रस्ताव दाखिला गर्ने अन्तिम मिति र स्थान	प्रस्ताव खोलिने मिति र स्थान
१	मुढा बनाउने तालिम	कार्यक्षेत्र शर्त बमोजिम	मितिः२०८३-०६-२७, कार्यालय समयभित्र	मितिः२०८३-०६-२८, दिउँसो १२ बजेसम्म (नरहा गाउँपालिकाको कार्यालय)	मितिः२०८३-०६-२८, दिउँसो १ बजे (नरहा गाउँपालिकाको कार्यालय)
२	मोटर मर्मत सम्बन्धी तालिम	कार्यक्षेत्र शर्त बमोजिम			
३	चित्रकला तथा पेन्टिङ सम्बन्धी तालिम	कार्यक्षेत्र शर्त बमोजिम			
४	गुडिया बनाउने तालिम	कार्यक्षेत्र शर्त बमोजिम			
५	गापाभरि ज्येष्ठ नागरिक, विधवा तथा अपाङ्गताहरूलाई सम्मान कार्यक्रम	कार्यक्षेत्र शर्त बमोजिम			
६	विविध कार्यक्रम –अन्तर्गत अनलाइन ठगीबाट बच्ने सम्बन्धी सचेतनामूलक सडक नाटक	कार्यक्षेत्र शर्त बमोजिम			
७	लागू औषध विरुद्ध जनचेतनामूलक सडक नाटक	कार्यक्षेत्र शर्त बमोजिम			
८	भ्रष्टाचारमुक्त समाज निर्माण सम्बन्धी जनचेतनामूलक सडक नाटक	कार्यक्षेत्र शर्त बमोजिम			
९	बालविवाह अन्त्य सम्बन्धी कार्यक्रम साझेदारी र बालविवाह अन्त्य सम्बन्धी कार्यक्रम स्थानीय तहको साझेदारी	कार्यक्षेत्र शर्त बमोजिम			
१०	महिला सम्बन्धी जनचेतना कार्यक्रम	कार्यक्षेत्र शर्त बमोजिम			

–प्रमुख प्रशासकीय अधिकृत

मधेसका गृहमन्त्रीद्वारा स्थलगत निरीक्षण



रौतहट, १२ असोज। लगातारको भारी वर्षाका कारण लालबकैया नदीको जलस्तर बढेपछि रौतहटको मौलापुर नगरपालिका-१ मर्यादपुरस्थित तटबन्धमा भएको कटान रोक्न स्थानीय प्रशासन र सुरक्षा निकायले सक्रियता बढाएका छन्। तटबन्ध कटानका कारण मौलापुर नगरपालिकाका वडा नम्बर १, २, ३, ४ र ५ तथा बौधिमाई नगरपालिकाका १, २ र ३ नम्बर वडाका विभिन्न क्षेत्र डुबानको उच्च जोखिममा परेपछि मर्मत कार्यलाई तीव्र बनाइएको छ।

तटबन्धको वर्तमान अवस्था र भइरहेको मर्मत कार्यको आइतबार अबेर साँझ मधेस प्रदेशका गृह, सञ्चार तथा कानुन मन्त्री फकिरा महतो, नेपाली सेनाका मध्यपूर्वी पृतना महोत्तरीका पृतनापति उपरथी भुवन केसी, मधेस प्रदेश प्रहरी प्रमुख डीआईजी ओमप्रसाद अधिकारी, र सशस्त्र प्रहरी बल नेपाल नम्बर २ छिन्नमस्ता बाहिनीका प्रमुख डीआईजी विष्णुप्रसाद भट्टलगायतका अधिकारीहरूले स्थलगत अनुगमन गरेका छन्।

उक्त अनुगमनमा राष्ट्रिय अनुसन्धान विभाग मधेस प्रदेशका प्रमुख माधव तिम्लसिना, मौलापुर नगरपालिकाकी नगर प्रमुख रिनाकुमारी साह, जिल्ला सुरक्षा समितिका पदाधिकारी, जनप्रतिनिधि तथा स्थानीय बासिन्दासहित करिब ५०-६० जनाको सहभागिता रहेको थियो। अनुगमनका क्रममा मन्त्री महतोले सञ्चारकर्मीहरूसँग संक्षिप्त कुराकानी गर्दै बौधिमाई र मौलापुरमा लालबकैया नदीको तटबन्धमा भइरहेको कटान रोक्न तथा पुनः मर्मत गर्न प्रदेश सरकार पूर्ण प्रतिबद्ध रहेको बताएका छन्।

प्रशासनका अनुसार मर्यादपुरस्थित तटबन्धमा ठुलो क्षति पुगेमा मौलापुरका साथै गम्हरिया, बरगिनिया, शीतलपुर, सन्तपुर र पेटभरवा क्षेत्र प्रभावित हुने आकलन गरिएको छ। यस्तै फतुवा पुल नजिकैको भगवानपुर क्षेत्रमा रहेको तटबन्ध भत्किएमा बाढीको पानी सदरमुकाम गौरसम्म पुग्न सक्ने जोखिम रहेको अधिकारीहरूले बताएका छन्। 'तटबन्ध जोगाउनु अहिलेको मुख्य प्राथमिकता हो,' भन्दै प्रशासनका अधिकारीहरूले जोखिमयुक्त क्षेत्रमा निगरानी बढाउनुका साथै आवश्यक सुरक्षा जनशक्ति परिचालन गरिएको जानकारी दिएका छन्।

तटबन्धमा थप क्षति हुन नदिन नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीलाई परिचालन गरिएको छ। सुरक्षाकर्मी र स्थानीयवासीको सहयोगमा राजपुर र मर्यादपुर क्षेत्रमा कटान सुरु भएका स्थानहरूमा बाँस गाड्ने तथा बालुवा भरिएका बोरा राखेर पानीको बहाव नियन्त्रण गर्ने प्रयास भइरहेको छ। क्षतिग्रस्त तटबन्धको तत्काल मर्मतका लागि प्रहरी जवानदेखि प्रहरी निरीक्षकसम्मलाई आवश्यकता अनुसार खटाइएको प्रहरीले जनाएको छ।

लगातार वर्षा भइरहेकाले लालबकैया नदीमा जलस्तर अझै बढ्न सक्ने सम्भावनालाई ध्यानमा राख्दै नदी तथा तटबन्ध आसपासका बासिन्दालाई उच्च सतर्कता अपनाउन प्रशासनले आग्रह गरेको छ। अनावश्यक रूपमा जोखिमयुक्त क्षेत्रमा नजान र बाढीको सूचना पाउने बित्तिकै सुरक्षित स्थानतर्फ जान स्थानीयलाई अनुरोध गरिएको छ। विपद्को जोखिम न्यूनीकरणका लागि बिहानदेखि रातिसम्म मैदानमा खटिएका सुरक्षाकर्मी, प्राविधिक, कर्मचारी, जनप्रतिनिधि र स्थानीय टोलीको सक्रियताले सम्भावित क्षति घटाउन ठुलो सहयोग पुगेको स्थानीय प्रशासनले जनाएको छ।

मंसिर १ देखि काठमाडौं उपत्यकामा पशु वधशाला र मासु जाँच ऐन अनिवार्य लागू गर्दैछौं : मन्त्री चौधरी

काठमाडौं, १२ असोज। कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरीले मंसिर १ गतेदेखि काठमाडौमा पशु बधशाला तथा मासु जाँच ऐनलाई प्रभावकारी रुपमा कार्यन्वनयमा ल्याउने बताएकी छिन्। मन्त्रालयले सोमबार आयोजना गरेको पशु वधशाला र मासु जाँच ऐन, २०५५ कार्यान्वयनको अवस्था र अबको कार्ययोजना सम्बन्धी उपत्यकाका स्थानीय जनप्रतिनिधिहरुसँगको छलफलमा उनले उपभोक्तालाई स्वस्थ र सुरक्षित मासु उपलब्ध गराउन ऐनको अनिवार्य कायन्वयन गर्न लागिएको बताइन्।

पहिलो चरणका काडमाडौं उपत्यकामा र त्यसपछि देशभरमा नै ऐनलाई प्रभावकारी रुपमा लागू गर्ने उनले बताइन्। 'कानूनहरू भएर पनि हामीले कार्यान्वयन गर्न सकेका छैनौं, त्यसले जनताले दुःख पाइराखेको अवस्था छ। कृषि मन्त्रालयको काम प्रत्यक्ष रूपमा उपभोक्तासँग जोडिने भएको हुनाले हामीले त्यस्तोतर्फ पनि साँच्चिकै जोडिनुपर्ने अवस्था पनि छ। कानून कार्यान्वयन नभएको कारणले उपभोक्ताहरूले जुन अस्वस्थकर मासु खानुपर्ने बाध्यता छ, यसलाई हटाउनुपर्छ। यसका लागी हामीले पशु बधशाला र मासु जाँच ऐन, २०५५ लाई अनिवार्य कार्यन्वयनमा ल्याउँदैछौं,' उनले भनिन्।

ऐन कार्यान्वयनका लागि संघ, प्रदेश र स्थानीय तहबीच समन्वय आवश्यक रहेको बताउँदै उनले कानुन बनेको लामो समय बितिसक्दा पनि प्रभावकारी कार्यान्वयन हुन नसक्दा उपभोक्ताले



स्वस्थकर मासु उपभोग गर्न नपाएको बताइन्।पशु बधशाला तथा मासु जाँच ऐन, २०५५ बनेको २८ वर्ष पुगिसक्दा पनि हेटौंडा, सुर्खेत र बुटवलका केही क्षेत्रमा मात्र यसको कार्यान्वयनको भएको उनले बताइन् ।

'२८ वर्षमा हेटौडामा २०६० सालमा र सुर्खेतमा २०८० र बुटवलमा २०८१ का केही पशु बधशालाहरूमा मात्र ऐन लागू गरियो र पूर्णरूपमा सफल हुन सकिएको अवस्था छैन। यसलाई अब देशैभरि लागू गर्नका निमित्त जनस्वास्थ्यको संरक्षण र ग्रामीण अर्थतन्त्रलाई चलायमान बनाउनका निमित्त पनि यो ऐन एकदमै धेरै जरुरी छ,' उनले भनिन्। मन्त्री चौधरीले काठमाडौं उपत्यकामा कार्यान्वयनपछि बाँकी नगरपालिकामा माघ १ गतेदेखि र २०८४ साउन १ गतेदेखि देशभर ऐन लागू गर्ने सरकारको तयारी रहेको बताइन्। यसका लागि आवश्यक संयन्त्र परिचालन गरी कार्यान्वयनलाई प्राथमिकतामा राखिएको उनको भनाइ छ।

'संघ, प्रदेश र स्थानीय तहको सहभागितामा हामीले मङ्सिर १ गतेदेखि लागू गर्दैछौं। हामी तीनै तहको सरकारको उत्तिकै महत्त्वपूर्ण भूमिका छ। जनताको स्वास्थ्य, जनताको मागलाई नै हामीले प्राथमिकतामा राखेर काम गर्नुपर्छ,' उनले भनिन्, 'एकले अर्कालाई दोष लगाएर मात्रै हुँदैन, हामी सहकार्य मार्फत अगाडी बढ्नुपर्छ। विशेष गरेर मङ्सिर १ गते काठमाडौंको उपत्यकामा लागू गर्ने र माघ १ गते देखि नगरपालिकामा र २०८४ साउन १ गतेदेखि देशैभरि लागू गर्ने गरेर हामीले तयारी गरिरहेका छौं।'

प्रमुख प्रशासकीय अधिकृतको माग गर्दै मेयरले नै लगाए नगरपालिका र वडा कार्यालयमा ताल्चा



जनकपुरधाम, १२ असोज। महोत्तरीको भंगहा नगरपालिकाको कार्यालय र नगरभित्र रहेका सबै वडा कार्यालयमा सोमबार तालाबन्दी गरिएको छ। लामो समय बितिसक्दा पनि प्रमुख प्रशासकीय अधिकृत नपठाएको भन्दै नगरपालिका प्रमुख संजीवकुमार साहको अगुवाइमा सबै कार्यालयमा तालाबन्दी गरिएको हो।

नगरपालिका प्रमुख साहका अनुसार लामो समयदेखि कार्यालयमा प्रमुख प्रशासकीय अधिकृत नहुँदा सेवाग्राहीसँगै कर्मचारीलाई समेत काम गर्न अप्ठेरो परेकाले तालाबन्दी गर्नुपरेको हो। उनले भने, 'कार्यालयमा ३ दिनभित्र प्रमुख प्रशासकीय अधिकृत पठाउन अल्टिमेटम दिएका थियौं। त्यसो हुन सकेन। काम गर्न अप्ठेरो भयो, त्यही भएर आज तालाबन्दी गरेका हौं।'

मेयर साहले प्रमुख प्रशासकीय अधिकृत पठाइदिन बारम्बार काठमाडौं धाए पनि मन्त्रीलाई भेट्न नपाएको र सचिवसमक्ष गुनासो राख्दा पनि अहिलेसम्म नपठाइदिँदा दैनिक कार्यमै अवरोध सिर्जना भएको बताए। गएको सोमबार पनि मन्त्रालय गएको र मन्त्रीसँग भेट गराइदिन उनका पीएसँग आग्रह गर्दा '५ मिनेट' भन्दै २ घण्टा कुराएर भेटघाट गर्न पनि नदिई 'हामी पठाइदिन्छौं' भन्दै फर्काइएको उनले गुनासो गरे।

उनले भने, 'अबको ३ दिनभित्र प्रमुख प्रशासकीय अधिकृत कार्यालयमा हाजिर हुनुभएन भने नगरभित्रका स्वास्थ्य र शिक्षाका सम्पूर्ण संस्थाहरू पनि बन्द गर्नेछौं।' प्रमुख प्रशासकीय अधिकृत नहुँदा कार्यालयको प्रशासनिक तथा वित्तीय कार्यसँगै नगरको विकास निर्माणको काममा समेत अवरोध हुन पुगेको उनले बताए। '३ महिनादेखि यहाँका कर्मचारीले तलबभत्ता पाएका छैनन्। कार्यालय सहयोगीहरूलाई हामीले कहिलेसम्म कुराउने, जुनकी उहाँहरू यसमै आश्रित हुनुहुन्छ,' उनले भने।

उनका अनुसार बैंकमा खोलिनुपर्ने खाता समेत अहिलेसम्म खोलिएको छैन। पहिला भएका अधिकृतको नाममा खोलिदिन आग्रह गर्न जाँदा कोष तथा लेखा नियन्त्रक कार्यालयले नयाँकै नाममा मात्र खोल्न मिल्ने भनेपछि आफूहरू थप मारमा परेको उनले गुनासो गरे। ३ महिनादेखि तलबभत्ता खान नपाइरहेको अवस्थामा नजिकिँदै गरेको महान् चाड दसैँ, तिहारमा समेत तलबभत्ता नपाउने अवस्था सिर्जना हुँदै गएपछि बाध्य भएर यो कदम चाल्नुपरेको उनको भनाइ छ।

तालाबन्दी गरिएका कार्यालयका चाबी भने सबै प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवलाई बुझाइएको छ।

रौतहटमा सालको काठ सहित एक जना पक्राउ

रौतहट, १२ असोज। रौतहटको चन्द्रपुर नगरपालिका-७ स्थित रङ्गपुर साझेदारी वन क्षेत्रबाट अवैध रूपमा सालको काठ ओसारपसार गरिरहेको आरोपमा एक जना पक्राउ परेका छन्। आइतबार राति करिब ९ बजे चन्द्रपुर सब-डिभिजन वन कार्यालय र रङ्गपुर साझेदारी वनबाट खटिएको संयुक्त वन गस्ती टोलीले नयाँबस्ती कटानीदेखि उत्तरतर्फको वन क्षेत्रमा अनुगमन गर्ने क्रममा काठ ओसारपसार गरिरहेको अवस्थामा ती व्यक्तिलाई नियन्त्रणमा लिएको हो।



वन गस्ती टोलीले घटनास्थलबाट २४.७० क्युबिक फिट परिमाणको ५ थान सालको गोलिया काठ, तीन वटा साइकल र एउटा आरा बरामद गरेको छ। पक्राउ पर्ने व्यक्ति चन्द्रपुर नगरपालिका-७ नयाँबस्ती कटानीका स्थानीय बासिन्दा रहेको वन कार्यालयले जनाएको छ। अनुसन्धानको प्रक्रियामा रहेकाले उनको नाम भने खुलाइएको छैन। नियन्त्रणमा लिइएका व्यक्ति, जफत गरिएको काठ तथा अन्य सामग्रीलाई थप अनुसन्धान र आवश्यक कानुनी कारबाहीका लागि डिभिजन वन कार्यालय रौतहटमा बुझाइएको छ।

वन क्षेत्रमा हुने अवैध कटान तथा काठ चोरी-तस्करी नियन्त्रण गर्न वन कार्यालयले रातिको समयमा पनि नियमित तथा आकस्मिक गस्ती गर्दै आएको छ। यस काठ नियन्त्रण अभियानमा डिभिजन वन कार्यालय रौतहट, चन्द्रपुर सब-डिभिजन वन कार्यालय, रङ्गपुर साझेदारी वन, सशस्त्र प्रहरी बेस सन्तपुर, प्रहरी चौकी बनबहुअरी र प्रहरी चौकी सन्तपुरका कर्मचारीहरूले सहयोग गरेका थिए। वन कार्यालयले वन संरक्षण तथा अवैध काठ कटान र ओसारपसार नियन्त्रणका लागि आगामी दिनमा पनि गस्ती र निगरानीलाई निरन्तरता दिने बताएको छ।

शौर्य सिमेन्टद्वारा ...

भएका छन्।

कार्यक्रमअन्तर्गत विद्यार्थीहरूलाई आवश्यक शैक्षिक सामग्री वितरण गर्नुका साथै विद्यालयहरूको आवश्यकतालाई ध्यानमा राख्दै सम्बन्धित विद्यालयहरूलाई पानी फिल्टर तथा पानी राख्ने जगसमेत उपलब्ध गराइएको थियो।

शैक्षिक सामग्री वितरणका क्रममा शौर्य सिमेन्टका प्रतिनिधिहरूले सम्बन्धित नगरपालिकाका नगर प्रमुख, वडा अध्यक्ष, विद्यालयका शिक्षक, विद्यालय व्यवस्थापनका प्रतिनिधि तथा विद्यार्थीसँग अन्तरक्रिया गरेका थिए। सो क्रममा उनीहरूले स्थानीय शैक्षिक आवश्यकता तथा विद्यालयका प्राथमिकताबारे जानकारीसमेत लिएका थिए।

शिक्षालाई समुदायको दीर्घकालीन विकासको महत्वपूर्ण आधारका रूपमा लिँदै शौर्य सिमेन्टले आफ्नो कार्यक्षेत्र तथा आसपासका समुदायको शैक्षिक र सामाजिक विकासमा सहयोग गर्दै आएको छ। यस्ता कार्यक्रममार्फत कम्पनीले स्थानीय समुदायसँगको सम्बन्धलाई थप सुदृढ बनाउँदै सामाजिक विकासमा अर्थपूर्ण योगदान पुऱ्याउने लक्ष्य राखेको छ।

शौर्य सिमेन्टको यो पहल सामुदायिक सहभागिता तथा सामाजिक उत्तरदायित्व अन्तर्गत सञ्चालन गरिएको हो। कम्पनीले आगामी दिनमा पनि स्थानीय समुदायका आवश्यकता र प्राथमिकतालाई ध्यानमा राख्दै शिक्षा तथा अन्य सामाजिक क्षेत्रमा सहयोगलाई निरन्तरता दिने जनाएको छ।

सार्वजनिक वित्त व्यवस्थापन सुधारलाई प्राथमिकता दिन्छौं : मुख्यमन्त्री यादव



लक्ष्मी चौधरी

जनकपुरधाम, १२ असोज। मधेस प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले प्रदेशको सार्वजनिक वित्त व्यवस्थापनलाई थप पारदर्शी, जवाफदेही र प्रभावकारी बनाउँदै लैजाने प्रतिबद्धता व्यक्त गर्नुभएको छ।

सोमबार मेधसको राजधानी जनकपुरधामस्थित मधेस प्रदेशको पहिलो सार्वजनिक खर्च तथा वित्तीय जवाफदेहिता (पीईएफए) मूल्याङ्कन प्रतिवेदन सार्वजनिक कार्यक्रममा बोल्नुहुँदै मुख्यमन्त्री यादवले सार्वजनिक वित्त व्यवस्थापन सुदृढीकरणमार्फत गुणस्तरीय सेवा प्रवाह र विकास परिणाम हासिल गर्न सरकार प्रतिबद्ध रहेको बताउनुभएको हो।

उहाँले संघीय शासन प्रणालीसँगै प्रदेश सरकारलाई योजना तर्जुमा, बजेट व्यवस्थापन तथा प्रभावकारी सार्वजनिक सेवा प्रवाहको महत्वपूर्ण जिम्मेवारी प्राप्त भएकाले सीमित स्रोतसाधनको अधिकतम, दक्ष र पारदर्शी उपयोग आवश्यक रहेको उल्लेख गर्नुभयो। मूल्याङ्कनले प्रदेशको वित्तीय पारदर्शिता, बजेट योजना तथा खर्च व्यवस्थापन र सार्वजनिक वित्त व्यवस्थापनका आधारभूत संरचना निर्माणमा सकारात्मक प्रगति देखाएको उहाँले बताउनुभयो।

सार्वजनिक खरिद, आन्तरिक नियन्त्रण, वित्तीय निगरानी तथा बजेटको प्रभावकारी योजना र कार्यान्वयनका क्षेत्रमा थप सुधार आवश्यक रहेको उहाँको भनाइ थियो। मुख्यमन्त्री यादवले मूल्याङ्कनका निष्कर्षलाई कमजोरीका रूपमा मात्र नलिई प्रदेशका संस्थागत क्षमता सुदृढ गर्ने अवसरका रूपमा उपयोग गरिने बताउनुभयो। सार्वजनिक वित्त व्यवस्थापन सुधार निरन्तर चलिरहने प्रक्रिया भएकाले प्रतिवेदनले आगामी सुधारका लागि स्पष्ट आधार र दिशा प्रदान गरेको उहाँले उल्लेख गर्नुभयो।

मूल्याङ्कन प्रक्रिया सम्पन्न गर्न सहयोग गर्ने प्रदेशको अर्थ मन्त्रालय, मूल्याङ्कन टोली, सम्बन्धित सरकारी निकाय तथा संस्थाहरूलाई धन्यवाद दिँदै उहाँले प्राविधिक तथा ज्ञानसम्बन्धी सहयोगका लागि एशियाली विकास बैंकप्रति पनि आभार व्यक्त गर्नुभयो। मुख्यमन्त्री यादवले भन्नुभयो, "मधेश प्रदेश पीईएफए मूल्याङ्कन गर्ने नेपालको दोस्रो प्रदेश बनेको छ, प्राप्त निष्कर्षका आधारमा सार्वजनिक सेवा प्रवाहलाई जनमुखी र प्रभावकारी बनाउने तथा जवाफदेहिता र समावेशी विकासलाई थप सुदृढ गर्नेछौं।"

मूल्याङ्कन प्रतिवेदन सार्वजनिक कार्यक्रममा एसियाली विकास बैङ्क (एडीबी) नेपालका निर्देशक अर्नोड कासोइसले प्रतिवेदनले संघीयतालाई थप बलियो बनाउन सहयोग पुग्ने बताउनुभयो। जनताबाट उठाइएको करको रकम जनमुखी बजेट निर्माण र प्रभावकारी खर्च व्यवस्थापनमा उपयोग गर्न यस्ता मूल्याङ्कन महत्वपूर्ण हुने उहाँको भनाइ थियो। सार्वजनिक वित्त व्यवस्थापन सुधारका लागि एडीबीबाट आवश्यक प्राविधिक सहयोग निरन्तर रहने उहाँले प्रतिबद्धता समेत व्यक्त गर्नुभयो।

सार्वजनिक खर्च तथा वित्तीय जवाफदेहिता मूल्याङ्कनका परामर्शदाता प्रकाशजङ्ग थापाले मधेश प्रदेशको पहिलो मूल्याङ्कनले सार्वजनिक वित्तीय व्यवस्थापनका आधारभूत पक्ष कमजोर रहेको देखाएको बताउनुभयो। उहाँले प्रणालीमा सुधारको आवश्यकता औंल्याउँदै मूल्याङ्कनले सुधार गर्नुपर्ने क्षेत्र पहिचान गर्न सहयोग गरेको उल्लेख गर्नुभयो।

मधेस प्रदेशका अर्थमन्त्री युवराज भट्टराईले सार्वजनिक खर्च तथा वित्तीय जवाफदेहिता मूल्याङ्कन प्रतिवेदन आर्थिक सुशासनको महत्वपूर्ण आधार भएको बताउनुभयो। प्रतिवेदनले आर्थिक सुशासनको बाटो पहिल्याउन सहयोग गर्ने उल्लेख गर्दै उहाँले आगामी दिनमा नीति निर्माण, व्यवस्था तथा प्रणालीमा सुधार गर्दै संस्थागत सुधारमा ध्यान केन्द्रित गरिने बताउनुभयो।

उहाँले भविष्यमा हुने सुधारलाई अर्थपूर्ण र परिणाममुखी बनाउने प्रतिबद्धता व्यक्त गर्दै विकासको प्रमुख आधारमध्ये आर्थिक सुशासन पनि भएकाले प्रदेश सरकार आर्थिक सुशासन प्रवर्द्धनतर्फ अग्रसर रहने बताउनुभयो। मूल्याङ्कनले मधेश प्रदेशको आर्थिक सुशासनको क्षेत्रमा सुधारका लागि बलियो आधार तयार गर्ने विश्वास उहाँले व्यक्त गर्नुभयो।

आर्थिक पत्रकार समाज नेपाल (सेजन), मधेस प्रदेश सरकार र एडीबीको संयुक्त आयोजनामा भएको कार्यक्रममा प्रदेश सरकारका सचिव, प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष राजकुमार सिंह, सेजनका केन्द्रीय अध्यक्ष भागवत भट्टराई, आर्थिक क्षेत्रसँग सम्बन्धित विभिन्न निकायका प्रतिनिधि तथा सरोकारवालाको सहभागिता थियो।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**: कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)